बैठक संख्या:८/२०८१/०८२

बैठक मिति: २०८१/१२/१२

समय: बिहान ११:०० बजेदेखि

स्थान: सुनछहरी गाउँपालिका, बैठक कक्ष ।

सुनछहरी गाउँपालिका अध्यक्ष श्री धनबहादुर पुन मगर ज्यूको अध्यक्षतामा र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति बिबरण:

| क्र.स. | नाम थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | धनबहादुर पुन मगर | अध्यक्ष | | |
| २. | ननकला घर्ती | उपाध्यक्ष | | |
| ३. | अमरजित पुनमगर | ६ नं वडाध्यक्ष | | प्रवक्ता |
| ४. | धनीमान रोका | १ नं. वडा अध्यक्ष | | |
| ५. | कृष्ण बहादुर बुढा | २ नं वडा अध्यक्ष | | |
| ६. | उड्बीर घर्तीमगर | ३ नं वडा अध्यक्ष | | |
| ७. | हर्कराम बुढामगर | ४ नं वडा अध्यक्ष | | |
| ८. | देविलाल रोका मगर | ५ नं वडा अध्यक्ष | | |
| ९. | राज बहादुर रोकामगर | ७ नं वडा अध्यक्ष | | |
| १०. | निरमला पुन | म. सदस्य | | |
| ११. | अनिषा विष्ट | म. सदस्य | | |
| १२. | वाना राना मगर | म. सदस्य | | |
| १३. | दिपा घर्ती मगर | म. सदस्य | | |
| १४. | मन बहादुर वि.क | द. सदस्य | | |
| १५. | पूर्ण गोतामे | द. सदस्य | | |
| १६. | प्रेम बहादुर घर्ती | सदस्य- सचिव | | |

अन्य उपस्थिति:

| क्र स | नामथर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | दया बहादुर बुढा मगर | सहायक पाँचौ | | |
| २ | मनिस सुनार | लेखापाल | | |
| ३ | कालु पुन | का.स. | | |
| ४ | जमान पुन मगर | का.स. | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

सुनछहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पावाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

आठौं
## सातौं कार्यपालिका बैठकका कार्यसूचीहरु:या

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा।

२. पशु स्वास्थ्य शिविरका लागि वडा छनौट सम्बन्धमा।

३. व्यवसायिक रुपमा उन्नत जातका बाख्रापालक कृषकहरुलाई फर्म सुदृढिकरण सहयोग वडा छनौट सम्बन्धमा।

४. जग्गा पास सिफारिस सम्बन्धमा।

५. आ.व. २०८२/८३ का लागि विभिन्न योजना छनौट तथा माग सम्बन्धमा।

६. विविध सम्बन्धमा।

सुनछहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोबाङ, रोल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

निर्णयहरु:

| निर्णय क्रम संख्या | निर्णयको ब्यहोरा | निर्णय कार्यन्वयनमा जिम्मेवार शाखा/ निकाय/पक्षहरु | कै. |
|---|---|---|---|
| १ | मिति २०८१।११।०३ गते ७ औं कार्यपालिका बैठकका निर्णयहरुको कार्यन्वयनको अवस्थामा समीक्षा गरियो। | प्रमुख प्रशासकीय अधिकृत | |
| २ | चालु आ.व. २०८१/८२ मा पशु विकास शाखाबाट संचालन गर्नुपर्ने पशु स्वास्थ्य शिविरका लागि सुनछहरी गाउँपालिका वडा नं. २ भित्रीगाम मा गर्नेगरी छनौट गर्ने। | पशु विकास शाखा | |
| ३ | चालु आ.व. २०८१/८२ मा पशु विकास शाखाबाट संचालन गर्नुपर्ने व्यवसायिक रुपमा उन्नत जातका बाख्रापालक कृषकहरुलाई फर्म सुदृढिकरण सहयोग कार्यक्रम कार्यान्यवयनका लागि सूचना आव्हान गर्ने। | पशु विकास शाखा | |
| ४ | तपसिलबमोजिमका जग्गा पास गर्नका लागि राजस्व छुटका लागि मालपोत कार्यालयमा सिफारिस गर्ने:<br>क)सूनछहरी गाउँपालिका वडा नं. ७ राङसी बस्ने गजवीर पुनको नाति भुते पुन मगरको छोरा प्रमोद पुनमगरको नाममा दर्ता श्रेस्ता कायम कि.नं. १३५० क्षेत्रफल ७७० व.मि. बाट किका गरी १४० व. मि. स्थानीय नागरिकहरुले पैसा उठाएर खरिद गरेको ऐऐ ठेगानामा सामुदायिक स्वास्थ्य ईकाइ केन्द्र राङ्सीका लागि रु४००००। अक्षेरुपी चालिस हजारमा खरिद गरेको जग्गा।<br>ख) सूनछहरी गाउँपालिका वडा नं. ७ कोर्वाङ्ग बस्ने जानवीर पुनको बुहारी गासे पुनको श्रीमति आउसी पुनमगरको नाममा दर्ता श्रेस्ता कायम कि.नं. ३० क्षेत्रफल ३०७० व.मि. बाट किका गरी १५५ व.मि. स्थानीय नागरिकले पैसा उठाएर खरिद गरेको ऐऐ ठेगानाको गाउँघर क्लीनिक का लागि रु ३५०००। अक्षेरुपी पैंतिस हजारमा खरिद गरेको जग्गा।<br>ग) सूनछहरी गाउँपालिका वडा नं. ७ स्युरी नौमुले टोल बस्ने बाकसिं पुनको नाति लिले पुनको छोरा गंगालाल पुनको नाममा दर्ता श्रेस्ता कायम ऐऐ ठेगानाको कि.नं. ४८८ क्षेत्रफल ९९५ व.मि. स्थानीय नागरिकहरुले पैसा उठाइ ऐऐ ठेगानाको श्री सुन्दर सुनछहरी बालविकास केन्द्रका लागि रु ३५०००। अक्षेरुपी पैंतिस हजारमा खरिद गरेको जग्गा। | प्रशासन शाखा | |
| ५ | आर्थिक वर्ष २०८२/८३ का लागि विभिन्न निकायहरुमा बजेट माग गर्ने प्रयोजनार्थ वडाले चैत्र २५ गतेभित्र आयोजनाहरु छनौट गरी गाउँपालिका कार्यालयमा सिफारिस गरि पठाउने। | | |
| ६ | विविध सम्बन्धमा देहायबमोजिम निर्णय गर्ने | गाउँकार्यपालिका | |
| क. | मिति २०८१ चैत्र ११ गते यस सुनछहरी गाउँपालिका पूर्वाधार तथा भवन नियमन शाखामा कार्यरत प्राविधिक कर्मचारीहरु ईन्जिनियर घनश्याम हमाल र सब ईन्जिनियर महेन्द्र घर्ती लाई सुनछहरी गाउँपालिका वडा नं. १ मा रहेको शाखा आधारभूत विद्यालयमा यस चालु आ.व. मा कार्यान्वगनमा रहेको आयोजनाको अनुगमनका क्रममा सो योजना निर्माण गरिरहेको कुरेली निर्माण सेवा परिवर्तन गाउँपालिका वडा नं १ का प्रतिनिधि श्री मोहन विकले प्राविधिक कर्मचारीहरुलाई हातपात तथा भौतिक आक्रमण गरेको र सो सम्बन्धमा यस पालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुले कार्यस्थल सुरक्षाको माग गर्दै गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतसमक्ष ध्यानाकर्षण पत्र बुझाउनु भएको सम्बन्धमा यस कार्यपालिका बैठकको गम्भीर ध्यानाकर्षण भएको छ। आगामी दिनहरुमा कार्यस्थलमा कर्मचारीहरुलाई हुने यस्ता खालका घटना हुन नदिनका लागि हामी सबै कार्यपालिका सदस्यहरु प्रतिवद्ध छौ। सुनछहरी गाउँपालिका सबै वडामा आयोजना कार्यान्वयनको क्रममा सबै कर्मचारीहरुलाई डर त्रासरहित तरिकाले सम्बन्धित वडाका जनप्रतिनिधीहरुको समन्वय र सहकार्यमा काम गर्ने वातावरण सिर्जना गर्ने। | गाउँकार्यपालिका | |

| | | | |
|---|---|---|---|
| ख. | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाबाट कार्यान्वयन हुने द्वन्दपिडित महिलाहरुका लागि सीपमुलक तालिमका लागि प्रत्येक वडाबाट १/१ जना गरि ७ जना | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा | |
| ग. | स्थानीय तहमा नवप्रवर्तन साझेदारी कार्यक्रमको अवधारणापत्र पेश गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८१ फागुन २९ गते प्रकाशित सूचना बमोजिम "सुनछहरी गाउँपालिकाको सेवाप्रवाह तथा सुशासन क्षेत्रको सुधार परियोजना कार्यक्रम" शिर्षकमा गाउँपालिकाको तर्फबाट नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका २०७८ बमोजिम ३० प्रतिशत साझेदारी प्रतिबद्धता गर्दै देहायबमोजिम प्रस्तावना पेश गर्ने।<br>कुल बजेट: रु १ करोड<br>गाउँपालिका तर्फबाट: रु ३० लाख<br>नवप्रवर्तन कोष तर्फबाट:रु ७० लाख | सूचना प्रविधि शाखा | |
| घ. | नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका २०७८ को दफा १६ (ज) बमोजिम यस कार्यपालिका बैठकको निर्णय नं ६ विविध ग कार्यान्वयनका लागि तपसिल बमोजिमको नविनतम साझेदारी कोष कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने:<br>श्री ननकला घर्ती गाउँपालिका उपाध्यक्ष — संयोजक<br>श्री राज बहादुर रोकामगर वडा नं ७ वडाध्यक्ष — सदस्य<br>श्री हर्कराम बुढामगर वडा नं. ४ वडाध्यक्ष — सदस्य<br>श्री अनिशा बिष्ट कार्यपालिका सदस्य — सदस्य<br>श्री मन बहादुर विक कार्यपालिका सदस्य — सदस्य<br>श्री गुमान सिं बिष्ट सूचना प्रविधि अधिकृत — सदस्य सचिव<br><br>साथै कार्यक्रम कार्यान्वयनको लागि सम्पर्क अधिकृत यस सुनछहरी गाउँपालिका का सूचना प्रविधि अधिकृत श्री गुमान सिं बिष्ट लाई तोक्ने। | | |

सुनछहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोवाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प्रेम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत